# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## बरियारपट्टि गाउंपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu,
Nepal

पत्र संख्या : २०७६।७७
च.नं. ४३२

मिति: २०७७।३।२६

श्री प्रमुखज्यू,
बरियारपट्टि गाउंपालिका
सिरहा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७।३।१४
च.नं १३१

श्री प्रमुखज्यू,
बरियारपट्टि गाउंपालिका
सिरहा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले बरियारपट्टि गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानुन र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ४७ लाख २५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १२ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८९ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु. १५ लाख ९७ हजार र पेश्की २९ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १२ (बाह्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँपालिका कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# बरियारपट्टि गाउंपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाउंपालिका अर्न्तगत ५ वडा रहेको २८ सभा सदस्य, ३७.७ व.कि.मी. क्षेत्रफल, २५,३१३ जनसंख्या र २ नं प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउंपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | रकम | सि.नं. | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ८५८६६८९५.०२ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | ९९९२३७२५.९५ |
| | ख) बैंक | ५५६०६१३०.९४ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ५३८११२५.११ | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ४५१००११५.७० | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | ० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ८६५००००.०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | १०२६८७०००.०० | | अन्य लगानी | ० |
| | ग) समपूरक अनुदान | ० | ५ | **धरौटी फिर्ता** | ६३३२७२०.०० |
| | घ) विशेष अनुदान | ० | ६ | **कोष खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | **राजस्व वांडफांड चालु** | ४०७९७५९७.५० |
| | क)वित्तीय समानीकरण अनुदान | २७०००००.०० | | आन्तरिक **श्रोत चालु खर्च** | ५६०८४०३.०० |
| | ख) सशर्त अनुदान | ५००००००.०० | | | ० |
| | ग) राजस्व वांडफांड | २०८००००.०० | | | ० |
| | घ) विशेष अनुदान | ० | | | ० |
| ५ | **सडक वोर्ड नेपाल** | ३०००००.०० | | **सडक वोर्ड नेपाल** | ३०००००.०० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | **सामाजिक सुरक्षा भत्ता** | ३३५६३२००.०० |
| | क) ऋण प्राप्ति | ० | | **प्रधानमन्त्री रोजगार का.** | २२०३५०४.३० |
| | ख) साँवा प्राप्ति | ० | | **स्थानीय पूर्वाधार साझेदारी का.** | ४४७००००.०० |
| | ग) ब्याज प्राप्ति | ० | | **तराइ मधेश समृद्धि का.** | ४४४५०००.०० |
| ६ | **सामाजिक सुरक्षा भत्ता** | ३५०६४०००.०० | | | ० |
| ८ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | २२०३५०४.३० | ७ | **मौज्दात** | ० |
| ९ | **स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम** | ४४७००००.०० | | क) नगद मौज्दात | ० |
| १० | **तराइ मधेश समृद्धि कार्यक्रम** | ४४४५०००.०० | | ख) बैंक मौज्दात | ७३०३९०११.२८ |
| ११ | **धरौटी आय** | ५०१३१८१ | | | ० |
| १२ | **अन्य विविध आय** | ० | | | ० |
| | **जम्मा** | **३५६५५००५७.०५** | | **जम्मा** | **३५६५५००५७.०५** |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| | लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् : | |

**लेखापरीक्षणको क्रममा कर कट्टि नगरेको रु. ४,२९६।०० असूल भै राजस्व दाखिला गरेको छ ।**

१) **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा गाउंसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस गाउंपालिकाले देहाय बमोजिम वार्षिक रु. ६३,०६,०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| वार्षिक सुविधा | ३७८००० | ३३०००० | १२००००० | १४४०००० | १३४४००० | ४६९२००० |
| संचार सुविधा | १२००० | १२००० | १५०००० | ० | ० | १७४००० |
| वैठक भत्ता | ६८५०० | ६३५०० | ४६०००० | ३३६००० | ११२००० | १४४०००० |
| जम्मा | | | | | | ६३०६००० |

२) **कानून तथा कार्यविधि निर्माण सम्वन्धमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरेसम्म लागू नहुने व्यवस्था रहेको छ । यस गाउपालिकाले कुनै पनि ऐन नियम पारित तथा प्रकाशन गरेको देखिएन ।

३) **राजश्वको अनुमानमा र वास्तविक असुली विवरण** : पालिकाले यस वर्ष आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत रु. १ करोड आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.५३ लाख अर्थात् अनुमानको तुलनामा ४६.१९ प्रतिशत घटी आय प्राप्त गरेको छ ।

| क्र.सं. | राजश्व शिर्षक | खुद प्राप्त रकम |
|---|---|---|
| १ | एकिकृत सम्पत्ति कर | २८५९१२।०० |
| २ | आन्तरिक कर | ३१०६२५५।०० |
| ३ | सेवा शुल्क | ० |
| ४ | दस्तुर | ७७०६८८।०० |
| ५ | दण्ड जरिवाना | ० |
| ६ | भाडा तथा वहाल | २७४५२।०० |
| ७ | पेश्की फिर्ता | ११९०८१८।०० |
| ८ | अन्य | ० |
| **जम्मा** | | ५३८११२५।०० |

४) **वडास्तरीय योजना** : निम्नानुसार चालु तथा पुँजिगतबाट ११० वटा योजनाको बाँडफाँड देहाय अनुसार गरिएको छ ।

| वडा न. | कार्यक्रमको नाम | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक विकास | सामाजिक विकास | पुर्वाधार विकास | वातावरण, विपद | संस्थागत विकास, सेवा प्रवाह, सुशासन | योजना संख्या |
| वडा न. १ | ६ | ६ | ५ | ० | ६ | २३ |
| वडा न. २ | ३ | ५ | ६ | ० | ५ | १९ |
| वडा न. ३ | ७ | ४ | ७ | ० | ८ | २६ |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा न. ४ | ८ | ६ | ६ | ० | २ | २२ |
| वडा न. ५ | २ | ६ | ६ | ० | ६ | २० |
| | माग तथा आवश्यकताको आधारमा सम्वोधन गरीएका योजनाहरु | | | | | |
| | | | | | जम्मा | ११० |

५) **आन्तरिक आय :** यस पालिकाको गाउंसभाले आर्थिक वर्ष २०७५।७६ को राजश्व परिचालन सम्बन्धी नीतिमा निम्नानुसारको लक्ष्य निर्धारण गरेको पाइयो ।

| करदाताको किसिम | गत वर्ष सम्म दर्ता संख्या | यस वर्ष | | | वर्षान्तमा संख्या |
|---|---|---|---|---|---|
| | | नया दर्ता संख्या | नविकरण संख्या | खारेजी संख्या | |
| **ब्यवसाय कर** | | | | | |
| ब्यवसाय | १० | | १० | | १० |
| शिक्षा सेवा | ७ | | ७ | | ७ |
| **जम्मा** | १७ | | १७ | | १७ |

६) **शिर्षकगत आय असुली अवस्था** : गाउंपालिकाले यस वर्ष आन्तरिक राजस्व देहाय अनुसार प्राप्त गरेको छ :

| राजस्व शीर्षक | प्राप्त रकम रु |
|---|---|
| घर बहाल कर | ३३१८७।०० |
| मालपोत भूमिकर | २८५९१२।०० |
| **जम्मा** | ४१६९३०९।०० |

७) **सम्पत्ति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, नियम ५३(४) मा कार्यालयमा जिन्सी मालसामान सम्बन्धी अनियमितता देखिएमा सम्बन्धित विभागीय प्रमुखले आवश्यक कारबाही गरी जिन्सी मालसामानको लगत राख्न, मर्मत, सम्भार तथा संरक्षण गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ ।

यस पालिका कार्यालय तथा वडा कार्यालयहरुमा रहेका सम्पतिहरुको विवरण देहाय अनुसार छः

| खर्च भएर नजाने सम्पतिको नाम | विवरण | खरिद रकमरु |
|---|---|---|
| जग्गा | ० | ० |
| भवन | ० | ० |
| फर्निचर | ३५ | ९९८२४२।०० |
| कम्प्युटर | ६ | ६५२५२०।०० |
| सवारी साधन | ३ | ६२६७२१८।०० |
| अन्य उपकरणहरु | विभिन्न | ८०१२५८०।०० |
| जम्मा | | १५९३०५६०।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| क.सं. | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था |
|---|---|---|---|---|
| | जीप | १ | ५७,७८,०००।०० | गापा अध्यक्ष |
| | डोजर | | | |
| | लोडर | | | |
| | जे.सी.बि. | | | |
| | अन्य | २ | ४९५८००।०० | कर्मचारी |

**विगत ५ वर्षमा खरिद वेवसाइट, सफटवेयर, लाइसेन्स सफ्टवेयर तथा मोवाइल एप्स**

| सफ्टवेयरको नाम | उत्पादन वा खरिद बर्ष | आपूर्तिकर्ता | प्रयोग क्षेत्र |
|---|---|---|---|
| जिन्सी | ०७५।७६ | एक्सप्रेस कम्प्युटिंग प्रा.लि. | कार्यालय |
| राजस्व | ,, | ,, | |
| लेखा | ,, | वेव पेज प्रा.लि. | |

८) **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो । अतः पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनहरुमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । आन्तरिक नियन्त्रण चुस्त बनाउन निम्न व्यहोराहरु पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ ।

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) वमोजिम पालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन ।

(ख) लाखौं रुपैयाका ज्याला, सामान खरिद जस्ता भर्पाइहरु सादा कागजमा गराई संलग्न गरेको, जसले गर्द खर्चको पुष्ट्याई हुन नसकने , नर्म्सको पालना नहुने, कारोवारको पादरर्शिता नहुने जस्ता प्रतिफल देखापर्ने हुंदा समयमै सचेत हुनु पर्ने देखिन्छ ।

(ग) कार्यालयमा कानूनी व्यवस्थाका लागि निर्णय गरिने टिप्पणी आदिमा गाउंपालिका अध्यक्ष सहभागी हुने गरेको पाइयो । आर्थिक गतिविधिका निर्णयहरुमा स्थानीय तहका पदाधिकारी संलग्न हुनुपर्ने व्यवस्था नभएकोले आर्थिक कारोवारमा संलग्न रहनु उचित देखिएन ।

(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्दा MIS विवरण अद्यावधिक गर्नु पर्ने ।

(ङ) घरको नक्सा पास व्यवस्था सबैलाई अनिवार्य लागु गरी भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्नु पर्ने ।

(च) कार्यालयको विगत वर्षदेखिको कुल बेरुजु देखिने गरी वार्षिक संक्षिप्त प्रतिवेदन (म.ले.प.फा.नं २११) तयार नगरेको ।

(छ) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने ।

(ज) तोकिएको चौमासिकमा कार्यक्रम सम्पन्न गर्न नसकिएको । जसले गर्दा निश्चित उद्देश्य प्राप्तीमा प्रभाव पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

(झ) कर्मचारी तथा शिक्षकको तलवी प्रतिवेदन पास आंशिक रुपमा भएकोले सबैको तलवी प्रतिवेदन पारित गरी तलव खर्च लेख्नु पर्ने ।

(ट) पेश भएको म.ले.प.फा.नं.४७, ५२ र जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नु पर्ने सामानहरु ३ महिना भित्रमा अनिवार्य रुपमा मर्मत गराई अद्यावधिक रुपमा राख्नु पर्दछ

(ठ) उपभोक्ता समितिले अत्यधिक मात्रामा दक्ष ज्यामी लगाएको देखाई डोर हाजिरी फाराममा बढी खर्च लेखेको पाइन्छ । वास्तविक ज्यामी खर्च देखाउनु पर्दछ ।

(ड) कार्यालयले उपभोक्तासंग भएको संझौता रकम नै गोश्वासा भौचरमा वजेट खर्चा देखाई कन्टिजेन्सी रकम कट्टि गरेको पाइयो । कन्टिजेन्सी रकम खर्च नै नभएकोक अवस्थामा पनि वजेट खर्च लेखी पछि खर्च गर्दा विविध डेविट गरेको पाइयो । वास्तविक भुक्तानी रकम र कर, धरौटी मात्र ब.ख.लेखी लेखा सिद्धान्त अनुसार अभिलेखांकन गर्नु पर्दछ ।

(ढ) औषधी खरिदको वोलपत्र वापत के कति वोलपत्र फाराम विक्री भए भन्ने अभिलेख राखेको छैन । ४ वटा दर्ता भएकोमा सो को मात्र विक्री आम्दानी भएको देखिन्छ । अन्य फाराम

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| | विक्रीको हिसाव एकिन गरी पालिकाले आम्दानी गर्नु पर्दछ ।<br>(ण) विद्यार्थी भर्ना अभियान शैक्षिक सत्र शुरुमै गर्नु पर्नेमा भाद्र महिनाको विलहरु संलग्न गरी खर्च लेखेकोले उपयुक्त समयमा कार्य गरेको पाइएन ।<br>(त) विविध खर्च वापत लेखिएका विल भर्पाइहरु जस्तै खाजा, चिया, खाना, आदी के कुन प्रयोजनमा खर्च भएका हुन स्पष्ट खुलाई मात्र खर्च गरिनु पर्दछ ।<br>(थ) पालिकाले उपभोक्त समितिसंग लागत सहभागिता अन्तर्गतका कार्य गर्दा कम्तिमा २० प्रतिशत र सो भन्दा माथि उपभोक्ता समितिले खर्च व्यहोर्ने गरी संभ्फौता गरी काम गराउनु पर्नेमा कुनै पनि योजनामा १० प्रतिशत पनि कार्य उपभोक्ताबाट गरेको पाइएन । यस सम्वन्धमा ध्यान दिनु पर्दछ । | |
| ९) | **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ० प्रतिशत, दोश्रो चौमासिकमा ०.९१ प्रतिशत र तेश्रो चौमासिकमा ९९.०९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ८०.९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर अत्यधिक खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १०) | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी दरवन्दी ३१ रहे पनि पदपूर्ति २५ मात्र रहेको र ६ पद रिक्त रहेका छन् । दरवन्दी अनुसारको स्थायी पदपूर्ति भएको नदेखिंदा यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ११) | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुन वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्नेमा सो को कुनै व्यवस्था गरेको छैन । | |
| १२) | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १३) | **व्यवसाय, कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राख्ने, राजस्व असुल गर्ने सम्वन्धमा कुनै कार्यविधि तयार गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १४) | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । गाउपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट हुने आय तर्फ लक्ष्य नतोकिनुको साथै कुनै आय आर्जन गरेको समेत पाइएन । यातायात व्यवस्था कार्यालयसंग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| १५) | **न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका मुद्दा मामिला फछ्र्यौट गर्ने अधिकार पालिकाको उपाध्यक्षलाई दिएको छ । यस वर्ष १२८ मुद्दा दर्ता भएको मध्ये ११९ मिलापत्रबाट र ९ प्रक्रियामा कार्यान्वयनको लागि पठाइएको छ । पालिकामा मुद्दा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलापको अभिलेख अद्यावधिक राख्नु पर्ने देखियो । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

१६) **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले सफ्टवेयर संचालनमा ल्याएको छैन ।

१७) सशर्त अनुदान तर्फ विभिन्न शिर्षकमा खर्च भै वांकी रहेको बजेट संघीय कोषमा फिर्ता दाखिला हुनु पर्नेमा सो गरेको नपाइएकोले सबै शिर्षकको वांकी विजेट रु. १,१२,५४,६२४।०० बेरुजु खातामा जम्मा गर्नु पर्ने रु. .. — १,१२,५४,६२४।००

**पूंजीगत तर्फ**

१८) कार्यालयलाई आवश्यक सामान मात्र खरिद गरी प्रयोग तथा वितरण गरिनु पर्दछ । साथै वार्षिक वजेट एवं कार्यक्रम छंदैमा उक्त रकम खर्च गरी सामान खरिद गर्ने र प्रयोगविहीन अवस्थामा भण्डारण गर्नु उचित होइन । कार्यालयले निम्नानुसार सामानहरु खरिद गरी प्रयोग विहीन अवस्थामा रहेको पाइएकोले उक्त खरिद कार्य मनासिव नदेखिएको रु. .. — ११,,६२,७२५।००

| भौ.नं. र मिति | विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|
| १६० ०७६।३।३१ | लेखा प्याकेज सफ्टवेयर | १,९९,२००। | ०७६।७७ देखि सूत्र लागू हुनेमा अनावश्यक प्याकेज खर्च |
| १६८ ०७६।३।३१ | ५५ थान व्याट्री र सोलार प्यानल | ४,६७,५००। | जडान नगरी त्यत्तिकै भण्डारण |
| १५० ०७६।३।२७ | ३१ थान पानी तान्ने पम्प | ४,९६,०२५। | वितरण नगरी मौज्दातमै राखेको |
| | | ११६२,७२५। | |

१९) पालिकाले यस वर्ष महेन्द्र स्कार्पियो जीप रु. ५७,७८,०००।०० मा खरिद गरेको पाईयो । संघीय अनुदानबाट विकासाजन्य कार्य गर्नका लागि विनियोजित वजेटबाट अर्थ मन्त्रालयको सहमति वेगर उक्त साधन खरिद गरेको पाइयो । आन्तरिक आय न्यून (रु. ५३ लाख) भएको अवस्थामा यसरी गाउंसभाले निर्णय गर्दैमा सवारी साधन खरिद गरेको कार्य उपयुक्त मान्न सकिएन ।

**शिक्षा तर्फ**

२०) **कार्य सम्पन्न प्रतिवेदन** : शिक्षा विभागको कार्यक्रम कार्यान्वयन निदेशिका, २०७६ एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ । निम्नानुसार विद्यालय निर्माणका लागि रकम निकासा दिएकोमा सो को कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । साथै निर्माणका लागि रकम निकासा दिनासाथ सम्वन्धित विद्यालयको खाताबाट उक्त रकम रोक्का समेत गरेको पाइएकोले सो निर्माण कार्यको प्रमाण पेश हुनु पर्ने वा सो हुन नसकेमा उक्त रकम संघीय कोषमा फिर्ता हुनु पर्ने रु. ... — ४३,५८,०००।००

| भौ.नं. र मिति | विद्यालय | निकासा रु. | कैफियत |
|---|---|---|---|
| १३८ ०७६।३।३१ | श्री जनता मा वि, बरियारपट्टि | ९०४,०००।०० | ४ कोठे भवन निर्माण |
| ,, ,, | ,, ,, | ७००,०००।०० | सौचालय निर्माण |
| | ,, खोक्सी | ९०४,०००।०० | ४ कोठे भवन निर्माण |
| ,, ,, | राष्ट्रिय आधारभूत वि | ११५०,०००।०० | २ कोठे भवन निर्माण |
| ,, ,, | जनकल्याण आधारभूत वि. | ७००,०००।०० | सौचालय निर्माण |
| | जम्मा | ४,३५८,०००।०० | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| २१) | **समानुपाति कट्टि नगरेको :** भौ.नं.१६६, ०७६।३।३१ बाट उपभोक्तासंग भएको संभ्कौता अनुसार कार्य नभै घटी कार्य भएमा सोही अनुपातमा उपभोक्ता योगदान हुनु पर्ने वा रकम अनुपातिक रुपमा कट्टि गरी भुक्तानी दिनु पर्दछ । विश्वनाथ मण्डलको घरदेखि पतासी घरसम्मको सडक पिसिसि ढलान कार्यमा रु. ५०,२५,७६९।७० मध्ये उपभोक्ताले ५,२५,७६९।- अर्थात् १०.४६ प्रतिशतको श्रमदान गरी गाउंपालिकाबाट रु. ४५,००,०००।- भुक्तानी गर्ने संभ्कौता भएकोमा रु. ३३,६४,०८२।८४ को मात्र कार्य सम्पन्न भएकोले सोही अनुपातमा रु. ३,५१,८८३।- कट्टि गर्नु पर्नेमा रु. ३,३६,४०८।- मात्र कट्टा गरी भुक्तानी भएकोले घटी कट्टि गरेको रकम रु. १५,४७५।- उपभोक्ताबाट असूल गर्नु पर्ने रु. ... | १५,४७५।०० |
| २२) | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु. एक करोडसम्मको कार्य उपभोक्ताबाट गर्न सकिने व्यवस्था छ । सोही अनुसार उपभोक्ताले कार्य सम्पन्न गरी वील, भरपाइ, कार्य सम्पन्न प्रतिवेदन, कार्यको पुष्ट्याई हुने गरी वील, तस्वीर, खर्चको सार्वजनिकीकरण, अनुगमन प्रतिवेदन संलग्न गरी मात्र खर्च लेखिनु पर्दछ । | |
| २३) | कार्यालयले वडा नं १, २ र ५ मा कृषि विद्युतीकरण भनी गो.भौ.नं २१, ७९ र १७३ बाट गरी रु.८५,००,०००।०० भुक्तानी हुने गरी उपभोक्ता समिति अध्यक्ष श्री वद्री नारायण यादवसंग मिति २०७६।२।१४ मा सम्भ्कौता भै ०७६।३।१६ सम्म सम्पन्न गर्ने गरी कार्यादेश भएको छ । सो रकम कार्य सम्पन्न भनी भुक्तानी भएकोमा निम्नानुसार प्रमाण कागजात अपर्याप्त देखिएकोले सो कार्य सम्पन्न भएको छ भन्न सकिने आधार नभएको हुदा सो को यर्थात प्रमाण पेश हुनुपर्ने रु..... <br><br> व्यहोराहरु :<br>क) सो कार्य सम्पन्न प्रतिवेदन सम्वन्धित पदाधिकारीबाट प्रमाणित नभएको<br>ख) सो खर्चको सामाजिक परीक्षण एवं खर्च सार्वजनिकीकरण नभएको<br>ग) अनुगमन रिर्पोटमा उपाध्यक्षको हस्ताक्षर नभएको<br>घ) लागत ईष्टिमेट स्वीकृत नभएको<br>ङ) ज्यामी ज्याला वील एक महिना अवधिमै २५० ज्यामी लगाई १९ पाना डोर हाजिरी फारम संलग्न गरी रु ३३,००,०००।०० खर्च गरेकोमा विश्वास योग्य नभएको<br>च) रु.५०,००,०००।०० अघिल्लो भुक्तानी मध्येमा ६०,००० मिटर लामो बिजुली तार खरिद गरेकोमा ६००० मिटर मात्र काठमाण्डौबाट ढुवानी भएको प्रमाण संलग्न रहेको । | ८५,००,०००।०० |
| २४) | **अग्रिम कर कट्टी नगरेको** : २४। ०७६।२।२० आयकर ऐन, २०५८ बमोजिम ढुवानी भाडामा १० प्रतिशत अग्रिम कर कट्टी गरी राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले कयानावारीदेखि मुसहरी चोकसम्मको ग्राभेल कार्यमा २ वटा ढुवानीबाट क्रमश रु. ४८,०००।०० र २४,६००।०० को ग्राभेल ढुवानी सेवा गरेकोमा रु. ४८,०००।०० मा मात्र कर कट्टी गरेको पाइएको हुदा रु.२४,६००।०० मा कट्टी छुट भएकोले सो कर असुल गर्नुपर्ने रु........ | २,४६०।०० |
| २५) | सार्वजनिक खरिद ऐन २०६३, को दफा ५ मा रु.१ लाखभन्दा बढीका निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार सार्वजनिक खरिद नियमावलीमा निर्माण कार्य गर्दा वास्तविक लाग्न सक्ने खर्चहरु एकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताबाट गरिने कार्यहरुको लागत अनुमान तयार एवं स्वीकृत गरी सोही अनुसार सम्भ्कौता र कार्यान्वयन हुनुपर्ने एवं कार्यालयबाट अनुगमन समेत हुनुपर्ने व्यवस्था छ । यस पालिकाबाट विभिन्न उपभोक्ता समिति मार्फत भएका कार्यमा वास्तविक निर्माण कार्यमा लागेका सामानहरु भन्दा बढी खरिद भएको समेत पाइयो । तसर्थ संम्वन्धित कार्यको नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा बढी खरिद देखिएको परिमाणको रकम असुल गर्नुपर्ने रु....... | २,३०,०१०।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| गो.भौ.र मिति | वाल तथा घाट निर्माण | इंटा खरिद | खपत | फरक | रकम (रु.) |
|---|---|---|---|---|---|
| १०९।०७६।३।२६ | सरस्वती विद्यालयमा | ८५००० | ८३००० | २००० | २२,६००। |
| ,, | ,, ,, | १४१६ केजी रड | ८८० केजी | ५३६ केजी | ६१,६४०। |
| १२२।०७६।३।२६ | राम मन्दिर कजार पोखरीमा | ३९००० | ३३००० | ६००० | ६७,८००। |
| १४३। ३।२७ | सुरमानी पोखरीमा | १६००० | ९१०० | ६९०० | ७७,९७०। |
| | जम्मा | | | | २३००१०। |

२६) भौ.नं. १७५ ०७६।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ मा कार्यालय रहने भवन उपभोक्ता समितिबाट निर्माण गर्ने आधार देखिंदैन । पालिकाले साविक जिल्ला विकास समितिबाट निर्मित एक तले ढलान भवनलाई यस वर्ष रु. २५ लाख बजेट विनियोजन गरी उपभोक्ता समिति मार्फत कार्य गरेको पाइयो । के कसरी कार्य गर्ने गराउने भन्ने राय सम्वन्धमा टिप्पणी उठाउंदा गाउंपालिकाका अध्यक्षले उपभोक्ता समूह मार्फत गर्ने निर्णय गरी कार्यादेश भएको पाइन्छ । यसरी गरेको कार्य अनियमित देखिनुको साथै धेरैजसो कार्यहरु सम्पन्न नभएकोमा पनि कार्य सम्पन्न प्रतिवेदन तयार गरी पूरै रकम भुक्तानी भएको पाइएकोले उक्त कार्य मनासिव भन्न सकिंदैन । कार्य सम्पन्नमा देखाएको तर स्थलगत रुपमा सो कार्य भएको नपाइएकोले सो कार्य सम्पन्न मान्न नसकिएको रु... २५,००,०००।००

२७) भौ.नं १८०, ०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४९ अनुसार खरिद गरिएका सामान ७ दिन भित्र जिन्सी आम्दानी वांध्नु पर्ने व्यवस्था छ । उपाध्यक्ष रेखा कुमारी यादवले न्यायपालिकाको लागि निम्नानुसार फर्निचर खरिद गरेकोमा भण्डारमा सामान पनि नदेखिनुको साथै जिन्सी दाखिला समेत गरेको नपाइएको रु. ४,९९,४६०।००

| विवरण | संख्या | रकम |
|---|---|---|
| रिभल्वींग २० चियर सेटिंग | १ सेट | २,२७,०००।- |
| वोस कुर्सी | ३ थान | ७५,०००।- |
| टेबुल | १ थान | २५,०००।- |
| मोडर्न कुर्सी | १० थान | ८५,०००।- |
| जम्मा (मू.अ.कर समेत) | | ४,९९,४६०।- |

**संसदीय कोष**

२८) **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गर्दा विशेष परिस्थितिमा वाहेक लोडर, इक्जाभेटर, रोल, डोरज, ग्रेडर, आदि हेभी मेशिन प्रयोग गर्नु हुंदैन । साथै जटिल प्राविधिक पक्ष समावेश भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत नगराई प्रतिस्पर्धात्मक तरिकाले पेशेवार निर्माण व्यवसायीबाट गराउनु पर्दछ । यस पालिका भित्र निम्नानुसार जटिल प्राविधिक पक्ष भएको भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत काम गराएको केही अधूरो अवस्थामा रहेको समेत देखिएकोले आगामी दिनमा स्थानीय श्रम श्रोतबाट सम्पन्न गर्न सकिने सरल कामहरु मात्र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्ने दखियो । अतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएको निम्नानुसार आयोजनामा भएको खर्चको ठिक सदुपयोग भयो भनी यकिन गर्न सकिएन ।

| भौ.नं. मिति | विवरण | खर्च |
|---|---|---|
| १ ०७६।३।२४ | मदरसा भवन निर्माण वडा नं. २ | १०००,०००।०० |
| २ ०७६।३।३१ | दलित सामुदायिक भवन निर्माण | १५००,०००।०० |
| ३ ,, | स्यालो ट्यूव वेल जडान वडा नं. ३ | २०००,०००।०० |
| | | ४५००,०००।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| | **सामाजिक सुरक्षा** : गाउँपालिका अन्तर्गत ५ वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको श्रेस्ता परीक्षण गर्दा निम्नानुसार देखियो : | |
| २९) | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत निकासा भएको जम्मा रु. ३,५०,६४,०००।०० मध्ये प्रथम, दोश्रो तथा तेश्रो चौमासिक भत्ता वितरणमा रु. ३,३५,६३,२००।०० खर्च भै बांकी रहेको रु. १५,००,८००।०० कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नभई पालिकाको कोष खातामा मौज्दात रहेको देखियो । उक्त रकम बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. ... | १५,००,८००।०० |
| ३०) | वडाहरुमा भत्ता वितरण गरेको भर्पाइ सहित वांकी रकम गाउँपालिकाको कोषमा जम्मा गरेको सक्कल बैंक भौचर सहित पेश्की फछ्र्यौट बैंक मार्फत वितरण भएकोमा लाभग्राहीको खातामा जम्मा गरिसकेपछि बांकी मौज्दात रकम पालिकाको वैंक कोष खातामा सिधै जम्मा गर्ने गरेको छ । सो को लेखांकन गर्दा पेश्की बरावर रकम र बैंकलाई पठाएको एकमुष्ट रकम नै ब.ख. जनाई फछ्र्यौट गरेकोले वितरणपछि बांकी रहेको रकम कोष फिर्ता दाखिला भएकोमा श्रेस्तामा आम्दानी देखिएन, र पालिकाको कोष खातामै मौज्दात रहकोले सो रकम संघीय कोषमा दाखिला हुन सकेन । तसर्थ बेरुजु राजस्व खातामा दाखिला गर्नु पर्ने रु. | ३,३९,८००।०० |
| ३१) | पालिका अन्तर्गत ५ वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्रथम चौमासिक नगद वितरण र दोश्रो तथा तेश्रो बैंक मार्फत वितरण गरेको मध्ये सबैभन्दा बढी भत्ता वितरण गर्ने वडा नं. १ र पांचौ स्थानमा पर्ने वडा नं. २ परीक्षण गर्दा निम्नानुसार देखियो :<br>(क) कार्यविधिको दफा १६(क) बमोजिम भत्ता वितरणको प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेष्ठको १ गतेवाट दोश्रो हप्ता भित्र भुक्तानी गरिसक्नु पर्ने व्यवस्था छ । वडा कार्यालयबाट भत्ता वितरण गरेको भर्पाइ परीक्षण गर्दा प्रथम, दोश्रो र तेश्रो चौमासिक भत्ता क्रमशः माघको अन्तिम हप्ता, बैशाखको अन्तिम हप्ता र आषाढको तेश्रा हप्ता सम्ममा वितरण गरेको पाइएकोले उपरोक्त कार्यविधिको नियम पालना भएको देखिएन ।<br>(ख) कार्यविधिको दफा ३३, ३४ र ३५ बमोजिम भत्ता वितरणको पारदर्शिता कायम गर्ने सम्वन्धमा स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरु एवं एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचारप्रसार गर्ने, भत्ता वितरणको सार्वजनिक गर्नु पर्ने र वडा समितिले सार्वजनिक सुनुवाई समेत गरी सो को व्यहोरा स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो भए गरेको प्रमाण पेश हुन आएन । | |
| ३२) | वडा नं. १ को :MIS विवरण अनुसार जेष्ठ नागरिक अन्य १४५, जेष्ठ दलित ५३, एकल महिला विधवा १३३, आंशिक अशक्त ९ र वालवालिका १११ भएकोमा प्रथम चौमासिक वितरण गरेको भर्पाइमा जे.ना.अ. १४७, जेष्ठ दलित ५६, एकल महिला विधवा १३४, आंशिक असक्त १० र वालवालिका १३६ जनालाई भत्ता वितरण गरेको भर्पाइ पेश हुन आएकोले :MIS विवरण भन्दा बढी क्रमशः २, ३, १, १ र २५ जनाको क्रमशः रु. ८०००।-, ४०००।-, ४०००।-, २४००।- र १६००।- का दरले जम्मा बढी खर्च लेखेको रु. ४,३४,४०००।- कार्यविधिसम्मत नदेखिएको रु. ... | ४,३४,४००।०० |
| ३३) | वडा नं. २ मा प्रथम चौमासिक वितरणको भर्पाइमा जेष्ठ नागरिक (अन्य) ११४ जनालाई रु. ८०००। ले वितरण गरेको रु.९,१२,०००। खर्च देखाएकोमा एमआइएस विवरणमा १११ जनाको मात्र अभिलेख भएको र वितरण भर्पाइमा पनि सि.नं.३५ र ५५ का लाभग्रहीको भर्पाइ कैफियतमा 'मृत्यु' उल्लेख भएतापनि वितरण गरेको देखाइ जोडजम्मामा समावेश भएकोले सो सहित :MIS विवरण भन्दा बढी ३ जनाको वितरण खर्च देखाएको रकम असूल गर्नु पर्ने रु. ... | २४,०००।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

३४) वडा नं. २ मा प्रथम चौमासिक वालपोषण भत्ता वितरण भर्पाइमा निम्न ४ वालवालिकाको नाममा दोहोरो वितरण गरको देखाई पेश्की फछ्र्यौट गरेकोले दोहोरो परेको रकम असूल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.... ६,४००।००

| जन्म दता . | नाम | ५ वर्ष पूरा हुने मिति | रकम | दोहोरो सि.नं. |
|---|---|---|---|---|
| ३६ | असिम साफि | ०७२।२।२९ | १६००। | १३ र २५ |
| ९० | शिव शंकर पासमान | ०७०।८।१ | १६००। | २ र ३७ |
| १११ | नन्दनी कुमारी मण्डल | ०७३।५।२४ | १६००। | २८ र ४२ |
| १०००१३ | सलमान साफि | ०७४।६।२१ | १६००। | ४१ र ५९ |
| | जम्मा | | ६४००। | |

३५) **पेश्की** : आथिंक कार्यविधि नियमावली, २०६४ को नियम ७९(१) अनुसार सरकारी रकम पेश्की लिने कमंचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौंट गर्नुं पर्ने र नगरेमा वांकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज लगाई असूल गर्नुं पर्नें व्यवस्था छ । नियमानुसार फछ्र्यौंट हुनु पर्ने रु. २८,९९,५५०।००

| भौ.नं.र मति | पेश्की लिनेको नाम | पद | रकम |
|---|---|---|---|
| १५० र २३८ | रेखा कुमारी यादव | उपाध्यक्ष | २४०,०००।०० |
| ११९ ०७६।२।२९ | लोकप्रिय जनसेवा लाहान | संस्था, कम्प्युटर तालिमको लागि | १५०,०००।०० |
| १२५ र २५८ ०७६।३।३१ | विन्देश्वर नारायण यादव | ना.सु. | १८७,५५०।०० |
| २४४ र १८१ | सुनिल कुमार सुमन | खरिदार | ८००,०००।०० |
| .८० ०७६।१।१४ | अमृत लाल यादव | ना. सु. | १४५०,०००।०० |
| १९१ ०७६।३।३१ | अनन्त लाल यादव | वडा अध्यक्ष | ७२,०००।०० |
| | जम्मा | | २,८९९,५५०।०० |

३६) **राजस्व :**

(क) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(१,२,३) बमोजिम राजस्व रकम बुझ्ने र दाखिला गर्ने व्यवस्था छ । यस गांउंपालिकाले वरियारपट्टि वडा ५ वस्ने राम भरोस यादवले पोखरी ३ वर्षको लागि ठेक्कामा दिंदा प्रथम किस्ता वापत बुझाएको रकम रु. ९२,१००।- मिति ०७६।९।१० सम्म पनि गाउंपालिकाको कोषमा दाखिला नभएकोले मू.अ.कर रकम रु. ११,९७३।- समेत रसिद काट्ने पदाधिकारीबाट असूल गरी दाखिला गर्नु पर्ने रु. ... १,०४,०७३।००

(ख) विभिन्न वडामा भएको पोखरी ३ वर्षको लागि विभिन्न व्यक्तिलाई ठेक्कामा दिंदा प्रथम किस्ता वापत रु. ३७,८२,१३४।- आम्दानी भएको मध्ये रु. ३१,९८,३५५।- मात्र बैंक दाखिला भएको देखिएकोले वांकी रु. ५,८३,७७९।- सम्वन्धित व्यक्तिबाट मू.अ.कर रु. ७५,८९१।- समेत रु. ६,५९,६७०।- असूल गर्नु पर्ने रु. ... ६,५९,६७०।००

(ग) कार्यालयको अभिलेख अनुसार वडा नं. ४ मा मालपोत र विभिन्न सिफारिस वापत रु. १,१२,३८६।- आम्दानी भएको मध्ये ७७,०००।- मात्र वैंक दाखिला भएकोले वांकी रु. ३५,३८६।- सम्वन्धित व्यक्तिबाट असूल गर्नु पर्ने रु. ३५,३८६।००

(घ) वडा नं. १ मा मालपोत र विभिन्न सिफारिस वापत रु.३,३८,९२८।- आम्दानी भएको मध्ये रु. ३,२२,७०९।- मात्र वैंक दाखिला भएकोले वांकी रु. १६,२१९।- सम्वन्धित व्यक्तिबाट असूल गर्नु पर्ने रु. .. १६,२१९।००

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| | **मूल्य अभिवृद्धि कर** - आन्तरिक आयका ठेक्का पट्टाहरुमा मू.अ.कर ऐन, २०५२ को दफा १५(३) अनुसार असुल भएको रकममा १३ प्रतिशत मू.अ.कर असुल गर्नु पर्दछ । तर पोखरी ठेक्का दिएकोमा मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन । कार्यालयको अभिलेख अनुसार विभिन्न ४१ पोखरी ठेक्कावाट जम्मा रु. ३१,९८,३५५।- राजस्व आम्दानी भएकोमा उपरोक्त नियम अनुसार लाग्ने मू.अ.कर रु. १,८१,७८६।- सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु. | १,८१,७८६।०० |
| ३८) | **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षसम्मको बेरुजु रकम (**A**) | यो वर्ष फछ्र्यौट (**B**) | बाँकी (**C= A-B**) |
|---|---|---|
| ७०१८१४०५।२३ | १८६६३५४।०० | ६८३१५०५१।२३ |

| | | |
|---|---|---|
| ३९) | **अद्यावधिक बेरुजु स्थिति** : पालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु. (**C**) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (**D**) | यो वर्षको कायम बेरुजु रु. (**E**) | बाँकी ( **C+D+E**) |
|---|---|---|---|
| ६८३१५,०५१।२३ | ० | ३४७२४,८३८।०० | १०३,०३९,८८९।२३ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।

अनुसूची १

# बरियारपट्टि गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| सि.न | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | असुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | सिरहा | बरियारपट्टी गा.पा. | २२ | ४३ | ३९२३९ | - | १ | ४५१४ | २२ | ४२ | ३४७२५ | १२७५ | १५९७ | २८९५३ | - | - | ३०५५० | २७५० | १५० | २९०० |

अनुसूची- २

# बरियारपट्टि गाउँपालिकाको सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ७ | बरियारपट्टी गा.पा. | सिरहा | ५५६०६ | ८६५०० | १५८९५० | ५५४९४ | ३००९४४ | ८५८६७ | ९९९२४ | ९७७२० | २८३५११ | ७३०३९ |

अनुसूची- ३

# बरियारपट्टि गाउँपालिकाको अद्यावधिक बेरुजु स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बांकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बांकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | बरियारपट्टी गा.पा. | सिरहा | ७०१८१ | १८६६ | ६८३१५ | - | ३४७२५ | १०३०४० |